आज मिति २०८२/१०/२९ गतेका दिन यस मालारानी गाउँ कार्यपालिकाको ७२ औं बैठक गाउँपालिकाका अध्यक्ष श्री दल बहादुर भट्टराईज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा देहायका प्रस्तावहरुमा छलफल गरी निम्न बमोजिमका निर्णयहरु गरियो ।

| क्र. स. | वडा | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | - | श्री दल बहादुर भट्टराई | अध्यक्ष | |
| २ | - | श्री दिपा पोख्रेल | उपाध्यक्ष | |
| ३ | १ | श्री दधिराम आचार्य | सदस्य | |
| ४ | २ | श्री योगेन्द्रनाथ भुसाल | सदस्य | |
| ५ | ३ | श्री दण्डपाणि पोख्रेल | सदस्य | |
| ६ | ४ | श्री विष्णु प्रसाद पोख्रेल | सदस्य | |
| ७ | ५ | श्री तुल्सीराम मिश्र(तिलक) | सदस्य | |
| ८ | ६ | श्री नारायण प्रसाद अर्याल | सदस्य | |
| ९ | ७ | श्री खड्क प्रसाद भुसाल | सदस्य | |
| १० | ८ | श्री नरेन्द्र कुमार वस्नेत | सदस्य | |
| ११ | ९ | श्री महेन्द्रवावु खनाल | सदस्य | |
| १२ | ४ | श्री लिल बहादुर वि.क. | सदस्य | |
| १३ | ८ | श्री पद्मा पन्थी | सदस्य | |
| १४ | ३ | श्री सरस्वती खनाल | सदस्य | |
| १५ | २ | श्री मिना खड्का क्षेत्री | सदस्य | |
| १६ | ५ | श्री मधु खनाल | सदस्य | |
| १७ | ९ | श्री हिमा सुनार | सदस्य | |
| १८ | - | श्री गोविन्द भट्टराई | सदस्य- सचिव | |

**कार्यसम्पादन सहयोगी कर्मचारीहरु:-**

१- नेत्र प्रसाद खनाल - प्रशासकीय अधिकृत

२- पंकज आचार्य - सू. प्र. अ.

३- शोभाख्या खनाल

मालारानी गाउँपालिका, अर्घाखाँची
गाउँ कार्यपालिकाको ७२ औं बैठक

मिति: २०८२।१०।२९
समय: बिहान ११.०० बजे
बैठकका प्रस्तावहरु

१ ७१औं बैठकको समिक्षा र वार्षिक कार्य योजना सम्बन्धमा।
२ आय व्यय विवरण सम्बन्धमा
३ मासिक अनुगमन प्रतिवेदन सम्बन्धमा।
४ प्राङ्गारिक मल उद्यम साझेदारी योजना कार्यान्वयन सम्बन्धमा।
५ आर्थिक सहायता र विपद् व्यवस्थापन सम्बन्धमा।
६ बिविध/ समसामयिक विषयहरु सम्बन्धमा।

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

बैठकका प्रस्ताव र निर्णयहरु

| प्रस्ताव | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | ७१ औं बैठकको समिक्षा। | अघिल्लो बैठकबाट भएका निर्णयहरुको अवस्था विश्लेषण हुनुपर्ने। | मिति २०८२।०९।२५ गतेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरु क्रमश समिक्षा गर्दा सबै कार्यान्वयन भएकोले उल्लेखित निर्णयहरुको समिक्षात्मक विश्लेषणलाई अनुमोदन गर्ने। साथै बार्षिक कार्ययोजना कार्यान्वयन सम्बन्धमा गरिएको प्रतिबद्धताको सन्दर्भमा छलफल गर्दा तोकिएको समयसीमा भित्र सबै पक्षले आ- आफ्नो कार्यसम्पादन गर्ने/ गराउनको लागि निर्देशन गर्ने । | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| २ | हालसम्मको आय-व्ययको विवरण सम्बन्धमा। | गाउँपालिकाको समग्र आय-व्यय तथा वित्तिय प्रगतिको विवरण गाउँ कार्यपालिका बैठकमा पेश गर्नु पर्ने कानुनी प्रावधान रहेको। | आ.व. २०८२।८३ का लागि गाउँसभाबाट विनियोजित रू ६३ करोड ४६ लाख ४१ हजार मध्ये हालसम्म आम्दानी ५७.५४ प्रतिशत आय भई चालुतर्फ ५५.४ प्रतिशत र पुँजीगत बजेट तर्फ २२.३६ प्रतिशत गरी जम्मा ४६.७४ प्रतिशत प्रगति हासिल भएको व्यहोरा बैठकमा प्रस्तुत भएकोले अनुमोदन गर्ने। | पेश भए बमोजिमको प्रस्ताव अनुमोदन गर्ने निर्णय गरियो। |
| ३ | मासिक अनुगमन प्रतिवेदन सम्बन्धमा सम्बन्धमा। | उपाध्यक्ष मार्फत गाउँ कार्यपालिका बैठकमा मासिक अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने कानुनी प्रावधान भएको | आ.व.२०८२।०८३ मा सञ्चालित योजना तथा कार्यक्रमहरु मध्ये माघ महिनाको यस अवधिसम्म स्थलगत रुपमा अनुगमन गरिएका योजना तथा कार्यक्रमहरुको अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदन पेश भएकोले उक्त प्रतिवेदनलाई अनुमोदन गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| ४ | प्राङ्गारिक मल उद्यम साझेदारी योजना कार्यान्वयन सम्बन्धमा | प्राङ्गारिक मल उद्यम साझेदारी योजना कार्यान्वयनको लागि साझेदारी पक्ष पहिचानको लागि गाउँ कार्यपालिकाबाट निर्णय हुनुपर्ने। | आ.व.२०८२।०८३ मा स्वीकृत योजना तथा कार्यक्रमहरु मध्ये प्राङ्गारिक मल उद्यम साझेदारी योजना कार्यान्वयनको लागि इच्छुक कृषक/ कृषि फर्म/ कृषक समूह/ सामुदायिक वन उपभोक्ता समूह/ कृषि सहकारीहरुलाई लक्षित साझेदारीमा उक्त उद्यम सन्चालनको लागि न्यूनतम लागत साझेदारी रकम ५० प्रतिशत हुने गरी प्रस्ताव आव्हान सम्बन्धीको सूचना प्रकाशन गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |

दल बहादुर भट्टराई
अध्यक्ष

CamScanner

| प्रस्ताव | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| ५ | आर्थिक सहायता र विपद् व्यवस्थापन सम्बन्धमा । | गाउँपालिका स्थित विभिन्न वडा वासीहरुले औषधी उपचार र विपद् व्यवस्थापन सहयोग माग गरी आवश्यक कागजात संलग्न राखि निवेदन पेश गरेकोले कार्यपालिकाबाट निर्णय हुनुपर्ने । | ५.१.यस गाउँपालिका वडा नं. ३ निवासी सावित्रा मगरलाई क्यान्सर रोग उपचारको लागि उपलब्ध गराईएको रु. २० हजार अनुमोदन गर्ने ।<br>५.२. यस गाउँपालिका वडा नं. २ निवासी जानकी रायमाझीलाई क्यान्सर उपचारको लागि उपलब्ध गराईएको रु. २० हजार अनुमोदन गर्ने ।<br>५.३. यस गाउँपालिका वडा नं. ६ निवासी लक्ष्मी वि.क. सुनारलाई मृगौला उपचारको लागि उपलब्ध गराईएको रु. २० हजार अनुमोदन गर्ने ।<br>५.४. यस गाउँपालिका वडा नं. ९ निवासी मसुरा घिमिरेलाई क्यान्सर उपचार वापत रु. २० हजार उपलब्ध गराउने ।<br>५.५. वडा नं. ६ निवासी लालु रानाको पाठेघर उपचार सहयोगको लागि रु. २० हजार उपलब्ध गराउने ।<br>५.६. यस गाउँपालिका वडा नं. २ निवासी वोम बहादुर कुवरको घर भत्की वस्न जोखिम भएको भनी वडा कार्यालयको सिफारिस र प्रहरीको मुचुल्का सहित निवेदन पेश भएकोमा उक्त घर पुन: निर्माण गरी छानोको पूर्वाधार निर्माण पश्चात आवश्यकपर्ने जस्तापाता उपलब्ध गराउने ।<br>५.७. वडा नं. ९ निवासी टोपलाल खनालको घर पहिरोले जोखिममा परेकोले निजलाई पहिरो रोकथाम वापत रु. १० हजार विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने । | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो |
| ६ | विविध/ समसामयिक निर्णयहरु | | | |
| ६.१ | सोताखोला गिद्धपोखरी विद्युतीय लिफ्ट खानेपानी योजना मर्मत सम्भार सम्बन्धमा | मिति २०८२।१०।१२ मा सोताखोला गिद्धपोखरी खनदह खानेपानी तथा सरसफाई योजना उपभोक्ता समितिवाट विद्युत मिटरवक्समा आगलागी भई रु. १ लाख ५० हजार बरावरको नोक्सानी भएकोले योजना मर्मत सम्भारको लागि आर्थिक सहयोग उपलब्ध गराई दिनको लागि वडा कार्यालयको सिफारिस संलग्न राखि निवेदन पेश भएकोले कार्यपालिकाबाट निर्णय हुनुपर्ने । | यस गाउँपालिका वडा नं. ३ स्थित सोताखोला गिद्धपोखरी खनदह खानेपानी तथा सरसफाई योजना विद्युतीय लिफ्ट खानेपानी योजना उपभोक्ता समिति र वडा कार्यालयको सिफारिस बमोजिम उक्त योजनाको विद्युत मिटर बक्समा आगलागि भई क्षति भएको र उक्त क्षतिबाट करिव ३०० भन्दा धेरै घर परिवार,गाउँपालिकाको प्रशासकीय कार्यालय र विद्यालयहरुमा समेत खानेपानी अवरुद्ध भएकोले उपभोक्ता समितिको माग बमोजिम निवेदन पेश भएको मिति २०८२।१० ।१२ गते पश्चातका बिल भर्पाईको आधारमा अधिकतम रु. १ लाख ५० हजार मर्मत सम्भार कोषबाट उपलब्ध गराउने गरी सो समितिलाई मर्मतको कार्य अगाडि बढाउन जानकारी गराउने । | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |

दल बहादुर भट्टराई
अध्यक्ष